आज मिति २०८०।०३।०८ गते शुक्रबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

नगर कार्यपालिकाको आ.व.०७९।८० को १५औं बैठक २०८०।०३।०८ का प्रस्ताव तथा कार्यसूची,

प्रस्ताव नं. १५.०१ गत कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. १५.०२ आन्तरीक आयको ठेक्का सम्बन्धमा,

प्रस्ताव नं. १५.०३ नदीजन्य पदार्थको आय ठेक्काको न्यूनतम अंक निर्धारण सम्बन्धमा,

प्रस्ताव नं. १५.०४ आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम सिफारिस गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १५.०५ आर्थिक वर्ष २०८०।०८१ को आर्थिक विधेयक तथा विनियोजन विधेयक सिफारिस गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १५.०६ विविध ।

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

चक्रपाणी अर्याल
नगर प्रमुख

*मितिः २०८०।०३।०८, बाणगङ्गा नगरपालिका आ.व.०७९।८० को कार्यपालिका बैठक संख्याः १५*

**प्रस्ताव नं. १५.०१**
**गत कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,**
**निर्णय नं. १५.०१**

अघिल्लो बैठक मितिः२०८०।०३।०१ गतेको बैठकले सर्वसम्मत रुपमा पारित भएका निर्णयहरु आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम नगरसभामा प्रस्तुत गर्न सिफारिस भए अनुसार नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूबाट २०८० असार २ गतेको नगरसभामा प्रस्तुत गरियो, यस नगरपालिकाको अघिल्ला आर्थिकवर्षहरुमा महालेखा परीक्षकको कार्यालयबाट औल्याईएका वेरुजुहरु नियमित गर्न सिफारिस भए बमोजिम नगरसभामा प्रस्तुत भई स्वीकृत भयो र कार्यपालिकाका का समग्र निर्णयहरु कार्यान्वयनको चरणमा रहेको जानकारी सहित प्रस्तुत गरियो।

**प्रस्ताव नं. १५.०२**
**आन्तरीक आयको ठेक्का सम्बन्धमा,**
**निर्णय नं. १५.०२**

यस नगरपालिकाको आन्तरीक राजसव वृद्धिका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि आन्तरीक आय ठेक्का हरुको न्यूनतम अंक राजस्व परामर्श समितिबाट सिफारिस भई आएकोले नियमानुसार न्यूनतम अंक निर्धारणको निर्णयार्थ नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

| सि.नं. | विवरण | न्यूनतम अंक |
|---|---|---|
| १ | नगरभित्र संकलन भई बाहिर निकासी हुने कबाडी मालसामानको न्यूनतम अंक | ४,००,०००।– (अक्षेरुपीः चार लाख) |
| २ | नगरभित्र उत्पादन भई नगरबाहिर निकासी हुने पशुजन्य एवं बनजन्य तथा अन्य उत्पादित वस्तुहरु | १०,००,०००।– (अक्षेरुपीः दश लाख) |
| ३ | नगरभित्र एक तह प्रसोधन भई नगर बाहिर निकासी हुने नदिजन्य पदार्थको भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क | १,००,००,०००।– (अक्षेरुपीः एक करोड |
| ४ | विज्ञापन कर | ५,००,०००।– (अक्षेरुपीः पाँच लाख) |

**प्रस्ताव नं. १५.०३**
**नदीजन्य पदार्थको आय ठेक्काको न्यूनतम अंक निर्धारण सम्बन्धमा,**
**निर्णय नं. १५.०३**

बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका बाणगङ्गा नदी, घिरि खोला, कोईली खोलाका विभिन्न नाकाहरुबाट IEE प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदनले उत्खनन् र निकासी गर्न मिल्ने भनि सिफारिस गरिएका स्थान वा नाकाबाट (IEE) प्रतिवेदनले तोकेको परिमाण बमोजिम हुने गरी आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि न्यूनतम अंक नघट्ने गरी निम्नानुसार ठेक्का व्यवस्थापन गर्न नगरसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।

| सि.नं. | नदी/खोला | नाका | न्यूनतम अंक |
|---|---|---|---|
| १ | बाणगङ्गा नदी | मधुवन क्षेत्र | १,७५,३७,०४०।– (अक्षेरुपीः एक करोड पचहत्तर लाख सैतिस हजार चालिस मात्र। |
| | | धनेशपुर क्षेत्र | २८,५९,३००।– (अक्षेरुपीः अठ्ठाईल लाख उनान्साठीहजार तीनसय मात्र। |
| | | भगलापुर बनकसिया क्षेत्र | ५२,२०,८७०।– (अक्षेरुपीः बाउन्न लाख बीस हजार आठसय सत्तरी) |

शिवानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

चक्रपाणी अर्याल
नगर प्रमुख

खिमानन्द भुर्तेल
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | नदी/खोला | नाका | न्यूनतम अंक |
|---|---|---|---|
| २ | कोईली खोला | खोजिपुर र वर्दहँवा क्षेत्र | ४८,४१,७४८।– (अक्षेरुपीः अठ्चालिस लाख एकचालिस हजार सातसय अठ्चालिस |
| ३ | धिरि खोला | बिल्लारा बक्सिपुर क्षेत्र, दुर्गामन्दिर क्षेत्र र सालघारी क्षेत्र | ३१,७७,०००।– (अक्षेरुपीः एकतिसलाख सतहत्तर हजार) |

**प्रस्ताव नं. १५.०४**

**आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम सिफारिस गर्ने सम्बन्धमा,**

**निर्णय नं. १५.०४**

यस बाणगङ्गा नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएको आर्थिक वर्ष २०८०।०८१को बजेट तथा कार्यक्रम (अनुसूची-१) बमोजिम प्रस्तुतिको लागि १३औं नगरसभामा सिफारिस गर्ने निर्णय गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १५.०५**

**आर्थिक वर्ष २०८०।०८१ को आर्थिक विधेयक तथा विनियोजन विधेयक सिफारिस गर्ने सम्बन्धमा,**

**निर्णय नं. १५.०५**

यस नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १५.०६**

**विविध।**

**निर्णय नं. १५.०६**

१. राष्ट्रपति रनिङशिल्ड खेल खेल्न जाँदा दुर्घटनामा परेका खेलाडी श्री शिखर कार्कीलाई उपचारार्थ आर्थिक सयोग विपद् व्यवस्थापन कोषबाट रु. २०,०००।– उपलब्ध गराउने निर्णय गरियो।
२. लोकतान्त्रिक थारु संगठन राष्ट्रिय भेलामा भएको खर्चको लागि आर्थिक सयोग वापत कार्यक्रम खर्च शिर्षकबाट रु. २०,०००।– उपलब्ध गराउने निर्णय गरियो।
३. टोल विकास संस्था गठन तथा पुन गठन गर्दा वैठक सञ्चालन तथा भेला गर्दा हुने साधारण खर्च चिया, खाजा को छुट्टै खर्च शिर्षक नभएकोले कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।
४. श्रृजनशिल युवा क्लवले जिल्लामा फरक प्रतिभा उत्पादन गर्न सबै पालिकाहरुलाई समेटी सञ्चालन गरेको ट्यालेन्ट शो र सांस्कृतिक कार्यक्रम वापत कार्यक्रम खर्च शिर्षकबाट रु.१०,०००।– उपलब्ध गराउने निर्णय गरियो।
५. मधौलिया-बैकुण्ठपुर सडकमा पर्ने स्लेभ कल्भर्टमा पंखी निर्माण नभएमा कल्भर्टलाई क्षतिपुग्ने अवस्था देखिएकोले पंखि निर्माणको लागि सोही सडकको ठेक्का बन्दोबस्त गर्दा घटेको रकमबाट खर्च व्यहार्ने गरी रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो।

चक्रपाणी अर्याल
नगर प्रमुख